नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सिंहदरबार, काठमाडौं

# सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७३।१०।२६**

पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७३ अनुसार भूकम्प प्रभावित जिल्लाहरुबाट प्राप्त गुनासोहरु फछर्यौट गर्ने कार्य भैरहेको छ । प्रारम्भिक चरणको गुनासोहरु सम्बोधनको जानकारी सार्वजनिक भएपछि बस्न योग्य घर भएका/अन्यत्र घर भएका व्यक्तिहरुले समेत झुट्टा विवरण पेश गरी लाभग्राही सूचीमा आफ्नो नाम पारेको भनी विभिन्न माध्यमबाट व्यापक गुनासो प्राप्त हुन आएकाले यसमा प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ । यसरी झुट्टा विवरण पेश गरी पीडितै नभएका व्यक्तिहरुले लाभग्राही सूचीमा नाम पारी अनुदान सम्झौता गरी रकम लिने तथा लिने प्रयास गर्ने त्यस्ता गैर पीडित व्यक्तिहरुले अनुदान प्राप्त गरेको भए रकम फिर्ता गर्न र नाम समावेश गरी रकम लिन प्रयास गर्नेहरुले सम्बन्धित जिल्ला समन्वय समितिको सचिवालयमा सम्पर्क गरी १५ दिन भित्र लाभग्राही सूचीबाट आफ्नो नाम हटाउने । तोकिएको समय भित्र सो कार्य नगरेमा त्यस्ता व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।